गाउँ कार्यपालिका बैठक क्र.स.:
बैठक मिति: २०८३।०२।२९
बैठक स्थान: खारानेटा
बैठक अध्यक्षता : गणेश कुमार के.सी.

यस त्रिवेणी गाउँकार्यपालिकाको बैठक देहाय बमोजिम कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी, तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल / अन्तरक्रिया / समिक्षा तथा निर्णय गरियो ।

| क्र.स. | पदाधिकारीको नाम थर | अध्यक्ष | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | गणेश कुमार के.सी. | गा.पा. अध्यक्ष | | |
| २ | राज कुमारी रेउले खड्का | गा.पा. उपाध्यक्ष | | |
| ३ | सुन्दर ओली | वडा नं. १ वडा अध्यक्ष | | |
| ४ | मोतिराम पुन | वडा नं. २ वडा अध्यक्ष | | |
| ५ | दिपेन्द्र कुमार ओली | वडा नं. ३ वडा अध्यक्ष | | |
| ६ | नन्नराम बाँठा | वडा नं. ४ वडा अध्यक्ष | | |
| ७ | रण बहादुर पुन | वडा नं. ५ वडा अध्यक्ष | | |
| ८ | भद्र बहादुर सिर्पाली | वडा नं. ६ वडा अध्यक्ष | | |
| ९ | धन बहादुर खड्का | वडा नं. ७ वडा अध्यक्ष | | |
| १० | नन्दराम खड्का | वडा नं. ८ वडा अध्यक्ष | | |
| ११ | हरि बहादुर खड्का | वडा नं. ९ वडा अध्यक्ष | | |
| १२ | शेर मान खड्का | वडा नं. १० वडा अध्यक्ष | | |
| १३ | जनक कुमार विश्वकर्मा | का.पा. सदस्य | | |
| १४ | लक्ष्मण कामी | का.पा.सदस्य | | |
| १५ | प्रेमा ओली | का.पा. सदस्य | | |
| १६ | चाँदनी पुन | का.पा. सदस्य | | |
| १७ | विष्णु सुनार | का.पा. सदस्य | | |
| १८ | देव कुमारी वुढाथोकी | का.पा.सदस्य | | |
| १९ | यज्ञ बहादुर भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | | |

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमुत, खारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

CamScanner

५० औं बैठक

कार्यपालिका बैठक मितिः २०८३।०२।२९

# प्रस्तावहरु

१. गाउँसभाको आगामी १५ औं अधिवेशन आव्हान सम्बन्धमा।

२. आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम बजेट वक्तव्य सम्बन्धमा।

३. आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य सम्बन्धमा।

४. स्थानीय तहको विद्यमान संगठन तथा व्यवस्थापन संरचनामा WASH Unit (वास युनिट) को दरबन्दीसहित समावेश गर्ने सम्बन्धमा।

५. गाउँपालिका आधारभूत अस्पताल भवन निर्माण ठेक्काको भेरियशन आदेश **VO (Aariation Order)** स्वीकृत गर्ने सम्बन्धमा।

६. विविध सम्बन्धमा।

(क) योजना तथा कार्यक्रम संशोधन गर्ने सम्बन्धमा।

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिमुड, बारानेटा रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

गणेश कुमार के.सी. अध्यक्ष

# निर्णयहरु २०८३ जेठ २९ गते

निर्णय नं. १– आगामी आ.व. २०८३/०८४ को गाउँसभाको १५ औं अधिवेशन मिति २०८३ असार ०५ वस्ने गरी आव्हान गर्ने सोको तयारीको लागी प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय पारित गरियो।

निर्णय नं. २– आगामी आ.व. २०८३/०८४ को गाउँसभाको १५ औं अधिवेशन पहिलो दिन मिति २०८३ असार ०५ गते बस्ने सभाको बैठकमा गाउँपालिका अध्यक्षज्यूवाट नीति तथा कार्यक्रम वाचन गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ३– आगामी आ.व. २०८३/०८४ को गाउँसभाको १५ औं अधिवेशन दोस्रो दिन मिति २०८३ असार १० गते बस्ने बैठकमा गाउँपालिका उपाध्यक्षज्यूवाट वार्षिक बजेट वक्तव्य पेश तथा वाचन गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ४– यस गाउँपालिका/नगरपालिकामा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको दिगो व्यवस्थापन, योजना तर्जुमा, समन्वय, अनुगमन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको हुँदा गाउँपालिका/नगरपालिकाको विद्यमान संगठनात्मक संरचनामा WASH Unit (वास युनिट) लाई आवश्यक दरवन्दीसहित समावेश गर्न तपशिल बमोजिमको व्यवस्था गर्ने गरियो।

- WASH Unit को संगठनात्मक संरचना, आवश्यक जनशक्ति, कार्य जिम्मेवारी तथा दरवन्दी व्यवस्थापन सम्वन्धी प्रस्ताव तयार गरी आगामी गाउँसभा/नगरसभावाट नीति तथा कार्यक्रम तथा आवश्यक बजेट व्यवस्थासहित स्वीकृत गर्ने निर्णय गरिन्छ।
- उक्त कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सम्वन्धित शाखाहरूको समन्वयमा आवश्यक अध्ययन प्रतिवेदन तयारी तथा प्रस्ताव पेश गर्ने जिम्मेवारी तोक्ने निर्णय गरियो।
- स्वीकृत संरचना कार्यान्वयनका लागि प्रचलित कानुन, स्थानीय सरकार सञ्चालन ऐन तथा सम्वन्धित नियमावली बमोजिम आवश्यक प्रशासनिक तथा वित्तीय प्रक्रिया अगाडि बढाइने निर्णय गरिएको छ।
- यस निर्णयको कार्यान्वयनका लागि आवश्यक समन्वय, सहजीकरण तथा अनुगमन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गरिने निर्णय गरियो

निर्णय नं.–५ यस त्रिवेणी गाउँपालिकाको १० शैय्याको आधारभूत अस्पताल भवन निर्माणका लागी ठेक्का **(TRM/NCB/08/2078/079)** भएकोमा भवन निर्माणको क्रममा केहि **Iteam** का परिमाणहरु थपघट गर्नुपर्ने देखिएकोले थप **Itam** का परिमाणहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र त्रिवेणी गाउँपालिकाको सार्वजनिक खरिद नियमावलीको, २०७७ अधिनमा रहि ठेक्काको **VO (Variation Order)** भेरियसन आदेश स्वीकृतको लागी पेश भएकोले आवश्यक प्रक्रिया अपनाई पेश भएको प्राविधिक लागत अनुमान प्रतिवेदन स्वीकृत गरी **VO (Variation Order)** कार्यान्वयनका लागी गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय पारित गरियो।

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बारानेटा रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

गणेश कुमार के.सी.
अध्यक्ष

CamScanner